# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, भाद्र १५ गते २०३० साल [ अतिरिक्ताङ्क ३२ (क)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३० सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## चन्दासम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न शैक्षिक, सामाजिक संस्था तथा अन्य विकास कार्यको लागि सर्वसाधारण जनताबाट प्राप्त हुने चन्दाको रकमको उपयोग तथा संचालनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "चन्दा ऐन, २०३०" रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "समिति" भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनुपर्छ।

(ख) "चन्दाको रकम" भन्नाले नगदी वा जिन्सी दुबैलाई जनाउँछ।

३. चन्दा उठाउनमा प्रतिबन्धः– (१) श्री ५ को सरकारको पूर्व स्वीकृति लिई धार्मिक, परोपकारी वा अन्य सार्वजनिक कार्यको लागि कसैले स्वेच्छाले दर नतोकी चन्दा लिन-दिन बाहेक कुनैव्यक्ति वा सरकारी वा गैर सरकारी कार्यालय वा संस्थाले कसैबाट चन्दा उठाउन वा लिन हुँदैन।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिम गठित कुनै अञ्चलस्तरीय समितिबाट खासगरी शैक्षिक, सामाजिक संस्था तथा अन्य विकास कार्यको लागि यस ऐन अन्तर्गत बनेको नियममा तोकिएबमोजिम खर्च गर्ने गरी चन्दा उठाउन सकिनेछ।

४. चन्दा उठाउनको लागि समितिको गठनः– (१) दफा ३ को उप-दफा (२) बमोजिम चन्दा उठाउन आवश्यक र उपयुक्त देखिएमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई अञ्चलाधीशले सो प्रयोजनको लागि एउटा अञ्चल समिति गठन गर्नेछ र सो समितिले दफा ३ को उप-दफा (२) मा उल्लिखित कार्य सञ्चालनको लागि कुन किसिमले के कति चन्दा उठाउनु पर्ने हो सो कुराको निर्णय गर्नेछ।

(२) उप-दफा (१) बमोजिम गठन गरिने समितिमा देहायमा लेखिएका अध्यक्ष र सदस्यहरू रहनेछन्ः–

(क) अञ्चलाधीश– अध्यक्ष

(ख) अञ्चल सभाको सभापति– उपाध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८

(ग) अञ्चलस्तरीय वर्गीय तथा व्यावसायिक संगठनहरूको सभापतिहरू– सदस्य

(घ) अञ्चल सभाको उप-सभापति– सदस्य

(ङ) अञ्चलभित्रका जिल्ला पञ्चायत सभापतिहरू– सदस्य

(च) अञ्चल शिक्षा समितिबाट मनोनीत दुईजना शिक्षकहरू– सदस्य

(छ) नेपाल उद्योग वाणिज्य संघबाट मनोनीत दुईजना प्रतिनिधिहरू– सदस्य

(ज) अञ्चल समितिबाट मनोनीत दुईजना समाजसेवीहरू– सदस्य

(झ) अञ्चलाधीशबाट मनोनीत दुईजना स्थानीय सरकारी कार्यालय प्रमुखहरू– सदस्य

(ञ) स्थानीय नगर पञ्चायत भए त्यसको प्रधानपञ्च– सदस्य

(ट) अञ्चल सदरमुकाम भएको जिल्लाको प्रमुख जिल्ला अधिकारी– सदस्य–सचिव

(३) पदेन सदस्य बाहेक मनोनीत सदस्यहरूको कार्यावधि दुई वर्षको हुनेछ।

(४) समितिमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएमा मात्र अध्यक्षले निर्णयात्मक मत दिनेछ।

(५) अध्यक्ष र सदस्य सचिव सहित एक तिहाई सदस्यहरू उपस्थित भएमा समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ।

(६) समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ।

(७) समितिले आवश्यक सम्झेमा सम्बन्धित जिल्ला पञ्चायत सभापतिको अध्यक्षतामा जिल्लास्तरीय उप-समितिहरू गठन गर्न सक्नेछ।

५. चन्दा उठाउनु अघि स्वीकृति प्राप्त गर्नु पर्ने:– समितिले चन्दा उठाउनको लागि चन्दाबाट उठाउनु पर्ने रकम र सो रकम कसरी उठाउने हो सो कुरा निश्चित गरेपछि सो र सो रकम खर्च गरिने कार्य वा योजनाको सम्बन्धमा विस्तृत विवरण खोली श्री ५ को सरकारको स्वीकृतिको लागि पेश गरी स्वीकृति प्राप्त भएपछि मात्र सोबमोजिम चन्दा उठाउन सकिनेछ।

६. चन्दा रसीद:– यस ऐनबमोजिम चन्दा उठाउँदा देहायबमोजिम चन्दा रसीद छपाई सो रसीदको आधारमा मात्र चन्दा उठाउनुपर्छ:–

(क) चन्दा रसीदमा सो छाप्ने छापाखानाको नाम र ठेगाना छापिएको हुनुपर्छ।

(ख) चन्दा रसीदमा सिलसिलेवार नम्बर हुनुपर्छ।

(ग) चन्दा किताबको प्रत्येक पृष्ठमा रहने रसीदका तीन प्रतिहरू अनिवार्य रूपमा छपाउनु पर्नेछ। ती तीन प्रतिहरूमध्ये एक प्रति चन्दा दातालाई, एक प्रति चन्दा संकलन कर्ता कहाँ र एक प्रति महालेखा परीक्षकको कार्यालयमा पठाउनु वा रहनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) चन्दा संकलनको निमित्त छपाउने रसीदमा दाताले दिने नगदी जिन्सी भन्ने शब्दहरू पनि छापाखानाबाट छापिएको हुनुपर्छ ।

(ङ) चन्दाको प्रत्येक रसीदमा समितिको कार्यालयको छाप र सदस्य सचिवको हस्ताक्षरको निस्सा लागेको हुनुपर्छ ।

७. चन्दाको लेखा:– (१) यस ऐनबमोजिम उठाइएको वा उठाउने चन्दाको लेखा श्री ५ को सरकारको सामान्य आर्थिक नियम अनुसार नै राख्नुपर्छ ।

(२) उप-दफा (१) बमोजिम राखिएको लेखाको पनि श्री ५ को सरकारको लेखा सरह कम से कम आर्थिक वर्षको एक पटक लेखा परीक्षण महालेखा परीक्षकले तोकेको सरकारी वा गैर सरकारी संस्था वा व्यक्तिहरूद्वारा गराउनुपर्छ र लेखा परीक्षणको प्रतिवेदन जनसाधारणको जानकारीका लागि प्रकाशित गर्नुपर्छ ।

(३) यस ऐनबमोजिम उठाइएको चन्दा रकमहरू निम्नलिखित तरीकाले सुरक्षित राख्नु समितिको सदस्य सचिवको कर्तव्य हुनेछ:–

(क) यस ऐनबमोजिम उठाइएको चन्दाको रकममध्ये नगदका हकमा नजिकमा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंक वा माल वा कोष तथा तहसील कार्यालयमा जम्मा गरी खाताको संचालन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट गर्नुपर्छ ।

(ख) जिन्सी सम्बन्धमा नाप तौल सहितको पूर्ण विवरण तयार गरी हिनामिना हुन नपाउने पूरा प्रबन्ध गरी सुरक्षित राख्नुपर्छ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अघि उठाइएका चन्दाहरूबाट शुरू गरिएका कामहरू सम्पन्न भई नसकेको जतिमा यो ऐनबमोजिम स्रेस्ता राख्न र हिसाब प्रकाशित गर्नुपर्छ ।

(५) चन्दा उठाउन के कति संख्यामा रसीदहरू छापिएको छ र रसीदहरूको क्रमसंख्या कसरी रहेको छ भन्ने कुराको पूर्ण लगत तयार गर्नुपर्छ ।

(६) चन्दा रसीद किताब वितरण गर्दा सम्पूर्ण विवरण खोली भरपाई गराएर मात्र वितरण गर्नुपर्छ ।

(७) यो ऐनबमोजिम राखिएको स्रेस्ता श्री ५ को सरकार वा लेखापरीक्षक वा समितिले हेर्न खोजेको बखत देखाउनुपर्छ र हाल साविक हुँदा ३५ दिन वा समितिले तोकेको बढी म्यादभित्र बुझबुझारथमा चलाउनुपर्छ ।

८. चन्दाको उपयोग:– (१) यस ऐनबमोजिम उठाइएको चन्दाको रकमको उपयोग र संकलन गर्ने कार्यविधि दफा ३ को उप-दफा (२) को अधीनमा रही समितिले आफैं व्यवस्थित गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यस ऐनबमोजिम कुनै अञ्चलमा समितिको माध्यमबाट असूल भएको चन्दाको रकमको निर्धारित प्रतिशत श्री ५ को सरकारले तोकी दिएको अन्य अञ्चलमा खर्च गर्ने गरी सम्बन्धित समितिलाई हस्तान्तरण गर्न श्री ५ को सरकारले निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालन गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

९. चन्दाको रकमको रकमान्तरः– यस ऐनबमोजिम जुन कार्य संचालन गर्नको लागि चन्दा उठाएको हो सो कार्य अन्य कुनै स्रोतबाट संचालन हुने भएमा वा कारणवस त्यसको कार्यान्वयन नहुने भएमा त्यसरी उठेको चन्दाको रकमलाई अन्यकुनै कार्यमा उपयोग गर्नको लागि रकमान्तर गर्नुपरेमा श्री ५ को सरकारको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

१०. चन्दाको विवरण प्रकाशित गर्नेः– यस ऐनबमोजिम उठाइएको चन्दाको आम्दानी खर्चको फाँटवारी र सो चन्दाबाट भएको कामको विवरण समेत प्रत्येक आर्थिक वर्षमा एक पटक प्रकाशित गर्नु गराउनुपर्छ ।

११. चन्दाको संकलनः– यस ऐनबमोजिम चन्दा उठाउने व्यक्तिले चन्दा उठाउँदा चन्दा दाताले दिएको चन्दाको रकमको अंक, अक्षर वा नाम, तौल आवश्यकतानुसार स्पष्ट खुलाई तीन प्रति रसीदमा लेखी दस्तखत गर्नुपर्छ । तर सीसाकलम वा अरू उड्ने मसीबाट लेख्न र दस्तखत गर्नु हुँदैन ।

१२. श्री ५ को सरकारले निर्देशन दिन सक्नेः- श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. सजायः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूको वखिलाप हुने गरी वा करकाप गरी चन्दा उठाउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा दुई हजार रूपैयाँसम्म जरीवाना वा दुबै सजाय हुनेछ र त्यसरी उठाइएको चन्दाको रकम समेत निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१४. मुद्दा सरकार वादी हुने र मुद्दा हेर्ने अधिकारीः– यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ र सो मुद्दाको शुरू कारवाई र किनारा गर्ने अधिकार अञ्चल अदालतलाई हुनेछ ।

१५. नियम बनाउने अधिकारः– यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

१६. खारेजीः– चन्दासम्बन्धी नियमावली, २०२४ खारेज गरिएको छ ।

लालमोहर सदर मिति–२०३०।५।१५।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।